# प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश नं. १, विराटनगर

प. सं. २०७६/७७ मिति २०७६/१२/०४

च. नं. २४४

**विषयः आ.व.२०७७/०७८ का लागि समपूरक अनुदानबाट सञ्चालन गरिने आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तहहरु, सबै
प्रदेश नं. १ ।

प्रस्तुत विषयमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० तथा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन समेत) बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्ने प्रावधान रहेको छ । प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन समेत) बमोजिम समपूरक अनुदान प्राप्त गर्न ग्राह्य बढीमा २ (दुई) आयोजना/कार्यक्रमको प्रस्ताव तहाँ स्थानीय तहबाट माथि उल्लिखित कार्यविधिको अनुसूची-१ को ढाँचामा प्रदेश सरकारको लागत र स्थानीय तहको समेत लागत सहभागिता हुने गरी तपसिल बमोजिमका विवरण सहित **चैत्र मसान्त** भित्र उपलब्ध हुने गरी यस मन्त्रालयमा पठाउनुहुन अनुरोध छ । चैत्र मसान्त भित्र आयोजना/कार्यक्रमको प्रस्ताव पेश नगर्ने स्थानीय तहलाई समपूरक अनुदान प्रदान नगरिने व्यहोरा समेत अनुरोध छ ।

समपूरक अनुदानको लागि प्रस्ताव पेश गरिने आयोजना/कार्यक्रमको लागि माथि उल्लिखित कागजात तयार भएको व्यहोरा र अन्य विवरण समेत अनुसूची-१ मा उल्लेख गरी पठाउनु हुनेछ । समपूरक अनुदानको लागि प्रस्ताव यस मन्त्रालयको वेबसाइट moeap.p1.gov.np मा रहेको लिंक (http://bit.ly/mg77-78) मा प्रविष्टि गरी समेत पठाउन सकिनेछ । थप जानकारीको लागि मन्त्रालयको फोन नं.०२१-५७३६७६ वा इमेल **budget.moeap.s1@gmail.com** मा सम्पर्क गर्न सक्नुहुनेछ ।

तपसिल

१. आयोजना/कार्यक्रमको सम्भाव्यता अध्ययन प्रतिवेदन,
२. आयोजना/कार्यक्रमको कुल लागत अनुमान सारांश,
३. आयोजना/कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,
४. आयोजना/कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,
५. आयोजना/कार्यक्रमको कुल लागत मध्ये प्रदेश सरकार, नेपाल सरकार वा स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण,
६. स्थानीय तहले प्रदेश सरकार समक्ष समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी,
७. आयोजना सम्पन्न गर्न लाग्ने समय (चालु आ.व.मा प्रदेश सरकारको समपूरक अनुदानमा सञ्चालनमा रहेका बहुवर्षीय प्रकृतिका आयोजनाहरुलाई निरन्तरता दिन सकिनेछ । सो को प्रगति विवरण समेत उल्लेख गर्नुपर्नेछ ।)

.........................
हरिहर पौडेल
उपसचिव